नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

## प्रेस विज्ञप्ति

पत्र संख्या:-
च.नं.: -

कोभिड-१९ को रोकथाम, नियन्त्रण र उपचारका लागि दैनिक भएका कार्यसम्पादनका सन्दर्भमा गृह मन्त्रालयका अनुसार जेठ १६ गतेका दिन २,१२३ जना नेपाली नेपाल प्रवेश गरेका छन्। देशभर क्वारेन्टिन बेडहरूको संख्यामा वृद्धि भइ जेठ १६ सम्ममा ३,३०० बढी पुगेको र करीव ८०० बढी सङ्क्रमित क्वारेन्टिनमा रहेका छन्। क्वारेन्टिनहरूको गुणस्तर सुनिश्चितता र नियम पालनाका लागि ९७ स्थानमा र अक्सिजन उत्पादन, आपूर्ति र वितरणलाई प्रभावकारी बनाउन १७४ स्थानमा अनुगमन गरिएको छ। स्थानीय प्रशासनले हाल सम्म १०,२२० अक्सिजन सिलिण्डरहरू विभिन्न स्रोतबाट संकलन गरी ९,५६७ अक्सिजन सिलण्डर विभिन्न अस्पताललाई वितरण गरेको छ। निषेधको आदेश उलङ्घन गर्ने १,१०,८६२ सवारी साधनलाई हालसम्म नियम अनुसार कारवाही गरिएको छ।

अर्थ मन्त्रालयका अनुसार ३३,६३,४५४ थान विभिन्न मेडिकल उपकरणहरू र औषधिहरू २५,५२२ के.जी. स्यानिटाइजर, ८७० के.जी. कोभिड टेष्ट किट र ६,००० भायल्स रेम्डिसिभर पैठारी भएको छ। संघ, प्रदेश र स्थानीय तहका अस्पतालहरू सामाजिक विकास मन्त्रालय, प्रदेश नं. १ (ओखलढुङ्गा अस्पताल), सामाजिक विकास मन्त्रालय, सुदुरपश्चिम प्रदेश (दार्चुला अस्पताल), सामाजिक विकास मन्त्रालय, गण्डकी प्रदेश (मध्यविन्दु अस्पताल), चागुनारायण अस्पताल, टोखा चण्डेश्वरी अस्पताल, बन्दिपुर अस्पताल र वी.पी. कोईराला क्यान्सर अस्पतालमा अक्सिजन प्लान्ट खरिद तथा जडान, एच.डी.यू. थप स्थापना गरी सञ्चालन गर्न र कम्प्यूटेट रेडियोग्राफि एक्सरे र इकोकार्डियोग्राफर खरिद गर्न रु. ९ करोड ५ लाख ७० हजार सम्मको खरिद प्रक्रिया अगाडी बढाउन सहमति प्रदान गर्ने निर्णय भएको छ।

परराष्ट्र मन्त्रालयका अनुसार सम्माननीय राष्ट्रपतिज्यूले संयुक्त अधिराज्यका महारानीलाई ३० मे २०२१ मा पत्राचार गरी हालसम्मको सहयोगको लागि कृतज्ञता र महामारी विरुद्धको बेलायतको लडाइँमा ऐक्यवद्धता प्रकट गर्नुहुँदै नेपालका लागि अत्यावश्यक रहेको कोभिड-१९ भ्याक्सिन उपलब्ध गराउन बेलायतको सहयोगको लागि अनुरोध गर्नुभएको छ। २६ मे २०२१ मा नेपाल र चीनका महामहिम राष्ट्रपतिज्यूहरूबीच भएको टेलिफोन संवाद अनुसार चिनियाँ सरकारले नेपाललाई प्रदान गर्ने १० लाख डोज खोपमध्ये चीनको स्वायत्त क्षेत्र तिब्बत सरकारले प्रदान गर्ने २ लाख डोज खोपमध्ये पहिलो लटको अनुमानित १ लाख डोज खोप हिमालयन एयरलाइन्सको दुई चार्टर्ड विमान मार्फत जुन १ मा र दोश्रो लटको अनुमानित १ लाख डोज खोप हिमालयन एयरलाइन्सकै चार्टर्ड विमानहरूबाट जुन २ मा काठमाण्डौ आइपुग्ने भएको छ।



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np

नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-

च.नं.: -

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका अनुसार गत २४ घण्टामा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका साथै पोखरा, नेपालगञ्ज र लुक्ला विमानस्थलबाट विभिन्न वायुसेवाले १५६ आन्तरिक उडान भरी ३८२ यात्रुको उद्धार गरिएको अवस्था छ। कुल उडानमध्ये मेडिकल उद्धारको उडान संख्या ५५ रहेको छ। चीन सरकारद्वारा अनुदान प्राप्त खोप मध्येको आठ लाख डोज खोप लिन नेपाल वायुसेवा निगमको काठमाडौं-बेईजिङ्ग-काठमाडौं मेडिकल कार्गो उडान आज राति ११:०० बजे बेईजिङ्ग प्रस्थान गरी भोली दिनको २:०० बजे त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गर्ने कार्यक्रम रहेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय स्वास्थ्य तथा सुरक्षा मापदण्ड पालना गर्न/गराउन आदरणीय दाजुभाई दिदी बहिनीमा हार्दिक अपिल गर्दछ।

मिति २०७८ जेठ १७

किरणराज शर्मा
प्रवक्ता



टेलिफोन : ४२११०६३, ४२११०२१, ४२११०७७, ४२११०६६
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np